सूचना नं. १५

गण्डकी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
# कृषि विकास कार्यालय, गोरखा

## आवेदन पेश गर्ने सम्बन्धी पुन: सूचना!

(प्रकाशित मिति:२०८२/११/२७)

कृषि विकास कार्यालय, गोरखाको आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार गोरखा जिल्लाभित्र देहायका कार्यक्रमहरु सञ्चालन गर्न ईच्छुक कृषि फर्म, कृषि कम्पनी, कृषक समूह तथा कृषि सहकारी संस्थाले यो सूचना प्रकाशन भएको मितिले १५ दिन (मिति २०८२/१२/१२) भित्र तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव सहित तपसिल बमोजिमका आवश्यक कागजातहरु समावेश गरी यस कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल:

| क्र.स. | कार्यक्रमको नाम | लक्ष्य | बजेट (रु.लाख) | आवेदकले पालना गर्नुपर्ने विषय |
|---|---|---|---|---|
| १ | कृषि उद्यम विकास कार्यक्रम | ३ संख्या | १५ | कृषि उपजको ग्रेडिङ, लेबलिङ, प्याकिङ तथा प्रशोधन कार्यमा ५०% लागत साझेदारी हुने। |
| २ | ग्रामीण कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम | १ संख्या | ५ | ग्रामीण क्षेत्रमा सञ्चालनमा रहेका होमस्टे, फार्मस्टे, रैथाने कृषि उपज प्रवर्द्धन गर्ने होटल, सामुदायिक पाहुना घर रहेको वडाका कृषि फर्म, कृषक समूह/कृषि सहकारी संस्थाले मात्र आवेदन पेश गर्ने। |
| ३ | आत्मनिर्भरताको लागि बीउ उत्पादन प्रवर्द्धन कार्यक्रम | २ हे. | ३ | खाद्यान्नबाली, तरकारी बाली, आलु, तेलहन र दलहन बालीको कलष्टरमा बीउ उत्पादन कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।बीउ बिजन कारोबार अनुमति पत्र अनिवार्य रहेको । |

### कार्यक्रमबाट उपलब्ध हुने अनुदान प्रतिशत:

- विरुवा, कृषि यन्त्र तथा कृषि सामाग्रीहरुमा बढीमा ७५% अनुदान उपलब्ध हुने।
- कृषि पूर्वाधार निर्माण (समुदायस्तर लाभान्वित हुने साना सिँचाई संरचना निर्माण तथा मर्मत र उत्पादनसँग सम्वन्धित सामुदायिक पूर्वाधार निर्माण कार्यमा बढीमा ९०% अनुदान। व्यक्तिगत कृषि फर्मको हकमा बढीमा ५०% अनुदान उपलब्ध हुने।

### आवश्यक कागजातहरु:

| | |
|---|---|
| १) रु. १०/- को हुलाक टिकट टाँस गरेको निवेदन | २) प्रस्तावना फाराम |
| ३) नेपाली नागरिकताको प्रमाणपत्र | ४) जग्गाधनीको लालपुर्जाको प्रतिलिपि वा भाडाको जग्गा भए जग्गा करारनामा सम्झौताको प्रतिलिपि |
| ५) वडा कार्यालय/सम्बन्धित पालिकाको कृषि शाखाको सिफारिस पत्र | ६) समूह/सहकारी संस्थाको बैठक निर्णयको प्रतिलिपि |
| ७) फर्म, समूह, संस्था, समिति, कम्पनी वा सहकारीले देहायका कागजातहरु संलग्न गर्नुपर्नेछः दर्ता/स्थापना सम्बन्धी कागजातको प्रतिलिपि, नविकरण प्रतिलिपि, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि, समान प्रकृतिको कार्यका लागि अघिल्ला दुई आर्थिक बर्षमा अनुदानको लागि प्रस्ताव आव्हान गरिएकोमा कुनै कार्यालयबाट अनुदान प्राप्त गरे वा नगरेको स्वघोषणा पत्र । निवेदन र प्रस्तावको ढाँचा यस कार्यालय वा सम्बन्धित स्थानीय तहको कृषि शाखाबाट उपलब्ध हुनेछ तथा कार्यालयको वेभसाईट ***www.gorkha.akc.gov.np*** बाट डाउनलोड गर्न सकिनेछ। | |

पुनश्च: गण्डकी प्रदेश सरकारको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१ र कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशको कार्यक्रम सञ्चालन सम्बन्धी स्वीकृत/संशोधित मापदण्ड अनुसार माथि उल्लेखित कार्यक्रमहरु लागत साझेदारीमा सञ्चालन गरिनेछ।

थप जानकारीको लागि :
फोन नं. ०६४-४२०११३ वा सूचना अधिकारी–९८५६०७०६४९ वा गुनासो सुन्ने अधिकारी-९८५६०४०६४९ वा कार्यालय प्रमुख फोन नं. ९८५६०३०६४९

कुल प्रसाद तिवारी
वरिष्ठ कृषि विकास अधि...

CamScanner